# ऐतिहासिक पत्रस्तम्भ

**श्री दुर्गासहाय**

भागे जिल्लै सल्ल्यानाका अम्वलमध्ये छिल्ली सातसयपट्टिका देवकिनन्द अचार्ज्रका वृर्ता रामपुरगाउं १ चतुर्भुज दाहालको वांधा, सतिम गांउं १ ईनि दुई गाउंका तपसिल वमोजिमका. घरले घोग्याका अड्डामा वसि, पूर्वबाट गयाका र पश्चिमबाट आयाका, कागत्या हुलाक यक छिनको विलंव नगरि चलाउनु, हाम्रा विर्ता वांधाका कुरियाका नाउमा दरियाको थियो, आफना विर्ता, बांधाका कुरियाले हुलाक वोकनुपऱ्यापछि, हाम्रा षटउनले लाउनु पाउंन्यै हुं भनि, तिमीहरूले कप्तान विरूदत्त पांडेसित करायाछौ र, हाम्रा हजुरमा विंति गर्दा जाहेर भयो अवउप्रांत, तिम्रा विर्ता, बांधाका, रामपुर सतिम गाउका घर कुरियालाई घोग्याका, अड्डामा आठौ प्रहर रूजू राषि जाहाबाट गयाका र. पश्चिमवाट आयाका मोहर चिठिपत्रको हुलाक यक छिनको विलंव नगरि चलाउनु लालमोहर. वमोजिमका, हुलाकिलाई, सेर्मा, साउन्याफागु, वेठ वेगार अरू झाराषारा माफ गरिवक्यौं, चिठि. पत्रका हुलाकमा षटायाका घरले, लालमोहर. चिठपत्र. वाहेक अरू आउन्या. जान्या भारिका हुलाक नवोकनु. चिठिपत्रको हुलाक. ल्याउदा. लैजांदा बाटामा: रातदिनमा यक छिन् अट्क्यो, केही वितवल पऱ्यो भन्या हुलाकमा. दरिआयाका घरलाई जातअनुसार भारि डंड सासना होला औ विर्ता बांधाका मालिकलाई अघिदेषि मानि आयाका कुरा. गाउं कुरियाले मांनु कुरियाको वसि पजंनि नगर्नु—

## तप्सील

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रामपुरगाउँ | — | — | १ | सतिमगाउं | — | — | १ |
| मुषिया दामोदर आचार्य | — | — | — | — | — | — | १ |
| देस्या रोकाया घर | — | — | १ | जेउन्या वस्न्यात घर | — | — | १ |
| तुलस्या रोकाय घर | — | — | १ | षलु पुन घर | — | — | १ |
| कमारा घर्ति घर | — | — | १ | धनराम पुन घर | — | — | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सुरविर बांठो घर | — | — | १ | रिष्या वस्न्यात घर | — | — | १ |
| कटु वांठो घर | — | — | १ | मंजित घर्ति घर | — | — | १ |
| ताज्या वस्न्यात घर | — | — | १ | धुत्या बुढा घर | — | — | १ |
| मनि घर्ति घर | — | — | १ | पठान्या डागी धर | — | — | १ |
| दुर्ग्या बाठो घर | — | — | १ | नँदुम तारो घर | — | — | १ |
| मन घर्ति घर | — | — | १ | कलचु राना घर | — | — | १ |
| अतिबल रोकाया घर | — | — | १ | चाम्या बुढा घर | — | — | १ |
| मन्या रोकाया घर | — | — | १ | सुईत्या षड्का घर | — | — | १ |
| परान्या वस्न्यात | — | — | १ | जसभान रोकाया घर | — | — | १ |

इति सम्वत् १८९८ साल मिति———————————————————

१ स्वस्ति श्री गिरिराजेत्यादि श्रीमन्महाराजाधिराज कुमार कुमाराज्मज श्री श्री श्रीमच्चौतरिया फत्यजङ्ग षाह वर्मणेषु इत श्री

२ काजि सिंहवीर पांडेको कोटि कोटि स्यवा सतम् पुर्वक पत्रमिदम् इत नीक ताहां सदा सर्वदा कुशल आरोग्य रहनु भ

३ या सर्व वातमा हाम्रो सँभार होला आगे आहांको समाचार भलो छ भाद्र शुदी ७ रोज २ का मितिमा लेषियाको पत्र

४ ऐ शुदी १३ रोज २ का दिन आइपुग्यो हेरि अर्थ विस्तार बुझ्यां उप्रांत ‾‾१‾‾ का नाउंमा वुटवल जिल्लाभरको चुमा

५ उन तहसील गर्नु भनी सवाल पट्टा भयाका जगाका सिवानाभित्र पाहाड षंडबाट सुवेदार सेवकरामले जहसील् ग

६ रिलिदा दुवै थर तहसील्दारको तक्रार भै ताहां आउँदा पट्टामा नदरियाका जगामा जहसील गरिलिन्या सेवक रामबाट

७ चुमाउँन फिर्ता गराइ दियेनन् भंन्या र नवलपुर मेरा पट्टाका सिवानाभित्रका जगा मध्ये गाउँ १४ चार-पालाभित्रको

८ भनि कजाइ षानगीमा दरिएछ मेरा पट्टाका सिवानाभित्रका जगा कट्टि भयापछि मिन्हा देउ भनी इजरा-दारले ‾१

९ लाई लेष्याको रहेछ र हामिसंग विस्तार गर्नुभयो तसर्थ सवाल पट्टामा नदियाका जगामा सुवेदार सेवक

१० रामले तहसील गरि लियाको रहेछ भन्या ‾‾१‾‾ का कारिन्दाका जिम्मा दामकाम भराइदेउ काजि रणदल

११ पांडेले ९५ सालदेषि षायाका कजाजी षानगीको षुबा उतारि पठायाको छ कजाजी षानगीमा ती १४ गाउँ भर्ना

१२ भयाको छ भन्या लेषि पठाउ र ‾‾१‾‾ मा विंति गरि तेहि जगा थामिया पनी सट्टाभर्ना भया पनी लेषि आउला

१३ पट्टाको नक्कल पनी पठायाको छ हेर्न्या काम गर पट्टावाहेकको जगा हो भन्या क्या सहि सांचले षायाको रहेछ लेषि

१४ पठाउ जहांबाट जवाप आयामाफिक गरौंला भनी लेषि आयाका अर्थ चुमावनका कुरामा पाहाड मध्येसका

१५ दुबै थरलाई जोरि कुराकहांनी हूंदा पाहाडतर्फका ज्मादार नरवीर कार्कि मेजर तेजनारानले हाम्रा सुवेदार नेपा

१६ ल् गयाका छन् सवाल् पट्टा उठाइ आउन्या उनै हुन् रुपैया पैसा वहि पत्र पनी उनैसित गयो हामि त उनले ! ला

१७ या भह्रायाको काज गर्न्या हौं येस कुराको निरोपन गर्न हामि सकदौन भनि अघि पनी यहि कुरा जवाफ दिया अहिले प

१८ नी येहि कुरा गर्दा तेसो भया साधि पठाउँला र प्रत्युत्तर आयापछि जाउला हाल तिमिहरूले जानु हुंदैन भनी सेवकराम

१९ का ज्मादार मेजरहरूलाई जमानी ली अहि अट्काइ राषियाको छ सेवकराम र आहां छैन यो कुरा अहीं छिनु भन्या

२० विनासेवकरामले छिनिर्वैन तसर्थ ताहांवाट सेवकराकलाई आहां पठाइवकस्या पनि इनहरूलाई ताहीं पठा दि

२१ नु भन्या मर्जि आया पनि ताहांवाट लेषिआयाबमोजिम गर्न्या गराउंन्या काम गरिन्यैछ यस कुराको प्रत्युत्तर चांडो

२२ लेषि आयाजाला मध्येस पहाड दुवैतर्फका दोभरा झगरा पर्‍याका गाउं तपसीलबमोजीम फर्दवाट जाहेर होला औ

२३ नवलपुरका गाउं १४ कजाजी षानगीमा दरिया नदरियाको तहकीत लेषि पठाउनु भनी लेषि आयाका कुरा कजाजी

२४ षानगीका पट्टामा भेडावारि भन्या जगाको १९१–लेषियाको रहेछ भेडावारि जगा अघि भन्या दस्कतले षायाका र

२५ ह्याछन् जांच भयादेषि कजाजी षानगीमा दरियाको रहेछ तेसैको लिग १४ गाउँ रहेछ यस कुराको फाट कौ

२६ सिवाट पट्टाहरूको नक्कल र जांचका ढडावाट जाहेरै होला कजाइ षानगीमा तेही गाउं थाम्न्या र सट्टा गर्न्या

२७ कुरालाई ८६।८७ सालदेषि भन्या कजाजी षानगीवाट षाइ चर्चि आयाका रह्याछन् अव र ताहांका त

२८ जवीजमा जो ठहर्छ आचकाल आहांको षैषवर जथास्थितै छ अवप्रांत पाया सुन्याको षवर पछि विंति गरि पठा

२९ उंला ताहांको छेम कुशल र षैषवरको शिक्षापत्र आउँदै रह्या गयाजाला किमधिकम् विज्ञचरणेषु इति स

३० म्वत् १८९८ साल मिति प्रथम आश्विन वदि ५ रोज २ मुकाम् तान्सेन शुभम्

श्री भाई श्री ५ सर्कार

१ २

१ स्वस्ति श्री मदतिप्रचण्ड भुजदण्डेत्यादि श्री श्री श्री महाराज जङ्गवहादुर रा[illegible]

२ जी. सी. वी. प्राइम्मिनिष्टर याण्ड कम्याण्डर ईन चिफ कस्य रुक्का

३ स्वस्ति श्री सकल मंगलालय कोटि कल्ल्यान चिरन्जिव श्री मद्राजकु

४ मार कुमारात्मज श्री भाइ कम्याण्डर ईन चिफ जनरल रणाउद्दीप सिंह कु

५ वर राणा पूर्वतर्फका कम्याण्डिङ जनरल भाई श्री धीरसम्मेर जङ्ग कुवर

६ राणाके शुभ आसिष आहां कुशल छ ताहां कुशल मंगल ह्वस् आगे आ

७ हाको समाचार भलो छ माघ वदि ११ रोज २ का दिन लेष्याको पत्र ऐ सुदि

८ ४ रोज २ का दिन आइपुग्यो पत्रले सबै विस्तार जाहेर भयो उप्रांत भन्सारमा

९ माहाजन राकिहरूले ल्याथाको मालको महसुल लिन्या कुरामा नेपाल्या

१० माहाजनहरूले सहि हाल्याको र राकिहरूले उजुर गर्‍या भंन्या न

११ आमुलुकको पुरोबिन साहेवले सिवाना गर्दा फरक पार्‍याको फेरि स

१२ च्याउनु भन्या हुकुम दियाको छ भंन्या याददास्त आउँदा कर्णेल सि

१३ ढिमान्सीं राजभंडारिलाई र निजका कारिन्दाहरूलाई सच्याउनु भनि

१४ लेषि पठाउन्या काम वढिया गर्‍याछौ फनेत भान्नरसिंका कुरामा

१५ वडा साहेबले भनि पठायाको षवर लेषिपठाउन्या काम वढिया हो

१६ हौडाप्रसाद हाति मर्‍याको विस्तार सहित तिमिहरूका कुशल क्षम

१७ को पत्र आउदा षुसि लाग्यो नेल ठोकियाकि वागकि केटिको नौ मै

१८ न्हा भयेछ नेलैमा सुतक्यारि भया वितवल पर्ला भनि ललितादेवी

१९ सानि आमाले ——१—— संग भनिछन् जो हुकुम भनि लेष्याका कुराला

२० ई नौ मैन्हा भयेछ भन्या नेल षोलिदिन्या काम गर्नु आहां ——२——

२१ र हामिहरूका गाथमा आराम छ आज बिहानदेषि पानि पर्‍यो

२२ ईति सम्वत् १९०१ साल मिति माघ सुदि ५ रोज ३ मुकाम मोरंग बुढि
२३ षोला शुभ्म्

### श्री ५ सर्कार

१

१ स्वस्ति श्री कंसनारायणेत्यादि श्री राजकुमारात्मज श्रीवावु प्रभू साहज्यू इत स्वस्ति श्री प्राइन्मिनिष्टर यान् कम्यान्
२ डर इन चीफ जनरल जङ्गवहादुर कुंवरके कस्य आसिसपूर्वक पत्रमिदं आहां कुशल है ताहां कुशल
३ सर्वदाका चाहिये जीसमो भला होय आगे हम्रा उपर मेहरवानगी कर्को पौष वदि २ रोज ५ मु लेषाहुवा पत्र मा
४ घ सुदि ६ मो आय पहूचा वीस्तार मालुम भया वहुत षुसी षातीर्ज्मा भया आपने हम्को इआह कीया तो हम्रा प्रव
५ रीस होगा उप्रांन्त वुटवल पाल्ही नवलपुर मणिहाक षजहनी स्युराज वो गैह्ल मुलुक तराइ तृवेनी सोअराजक
६ ल्हेकै कारक लेनेको कागद वुझावनेके सो वहुत बेस्तर है सफाइ चाहता है हम सो दर्वारकै आमहरफत वन्द रहल ते
७ सो आजुतक रहीगयावो हमार हुकुम वुटलवो गैह्ल सो वन्द भया तेसे मणिरत्न न हमको कागद वुझाया न दर्वा
८ रमो कागद बुझाया न तोमो नफाका रुपैया हमको हिया सभ उसके तलुक है आप मालीक है जव नेमो दर्वार सो
९ फारषती हम्रा नाव सोदि आय देभा हमारे तरफ सो आपके यास इतला है जे मणिरत्न सो कागद बुझि ले
१० ना मो नफाका दामकाम हम्रा तर्फका बुझाय देही सो नहि बुझाया मणिरत्न जैकिस्न पुरी देवान गुल्लाद षा
११ वदम्मन षा स्युराजको फौज्दार रामअवतारसिंह प्रभाकर उपाध्या २ साल रहे वेलकुल मुनफाका रुपैया षाय ली
१२ या हामको कागद न हि बुझाया न तो हमको कीन्जु समुझते है १ सो ना मेहरवानगी है से अव आप मालीक है
१३ जवने सो हम्रा रुपैयाका नीसाका होय हजुर सो फारषती मीलै सो कर्ना मणिरत्नसो कागद बुझना दर्वारकै रु
१४ पैया जब नदेना परैत वन मणिरत्न देहि फारक लेहि हमार दामकाम इलाकेको वझि गैल है से १ सालके षा ३ सा
१५ लके वुटवलवा गैह्ल हमके मुलुक दि आन देइ हम ज्मा देव हम्रा पत्र लेको प्रहलादसिंघ सिपाही दर्वारमो गये सो हा
१६ ल नहि मौलासे आप मालीक है हरिसुरती सो जबनेमो हमार वनै सेकर वहो इह म वृद्ध भये आस्रा भरोसा आ
१७ पका है वुटल डिष्ठा मुषीआवो मणिरत्नके षत आपको जात है मणिरत्न कारिन्दा दर्वार के पसंन्द वो सलाह सो है
१८ दर्वारकै दामकाम नहि बुझाया वो हम्रा बेलकुल ज्मा षा पलीयासे आप दुनो त बुझी लेना जब नकीन्जु हमको
१९ वक्त होगा तव न हम्रा है अवर सर्कारका है षजहनीमो ७ सात गाउँ इस्तमरार हजुरसो हमको वक्त भया सो
२० शिवनीधि सुब्बाने जप्त करि लीया प्रगनेषी नायक पु २ पर्सा माटि हुकी वसंतपुर वो गैह्ल ज्मा मौजा ४ सो जैरा
२१ जगीर सुब्बा रत्नमान जप्त करि लीया आप मालीक है जीसमो वहालीका १ साल मोहर करायको भेजना
२२ ज्यादा अर्ज इति सम्वत् १९०४ साल मिति माघ शुदि ८ रोज ७ मुकाम चीलवा शुम्भ्

| श्री कुमारी | श्री ५ वादसाह | ............... | श्री ५ सर्कार |
|---|---|---|---|
| १ | २ | ३ | ४ |

अर्जि..................................................................................................

उप्रांन्त करुणानिधान श्रावण शुदी १५ ऐजसौ लगायेत भाद्रशुदी १५ रोजत क मैन्हा १ को स्याहा रपोट र २५ साल कार्तिक वदी १४ देषि २६ साल कार्तिक बदी १४ रोजतक बर्ष १ को धपोट् आवर्ज्ये ज्मा २ कागज येसै अर्जिका संग चढाई पठा याको छु दाषिल होला योसमेत २२ सालदेषि २५ सालतक वर्ष ४ को धपोट् आ वर्ज्ये १ चोकमा दाषिल गर्‍याको छु मैले गरेको ल्हासा नाईक्या रकम र आ म्दानि षर्चमा मर्मिह्ला मेहर भयापछि सोवमोजिम धपोट आवर्ज्ये रपोट षडा ग रि १ चोक तहसित अडामा बुझाउँदा हुँ मर्मिन्हाको सनद जो मेहेर हुन्या नभै अघावै धपोट आवर्ज्ये लेषी चढाउँदामा मर्मिन्हाका वेहोरामा मिलन जावैन र कागजको मात्र षर्च वडन जाला भन्ने वेहोराले लेषन ढिल् भयाको हो येस वेहो रा वुझी सेवक पर करुणा राषि वक्स्या जावस् पुराना चिन्तारिन अम्वाका षरिदा रले नीज अम्वाले भोट्या भारदारसंग धेरै घुस षाई पुरानु रितिथिती भोट्या को रहेछ भनी हालका अम्वाहरूले नीज पुराना अम्वाका षरिदारलाई चिन जा न भनी ठिंन्दुपुर पुग्याका पत्नी ल्याई ढडा कागजपत्रबाट १।२ हजार षायाको का येल भयो र सो वेहोरा चिन्मा साधि पठाया २ बाट हजूरमा प्रमा ण वक्सि आउन्या अव चांडै आइपुग्छ भन्छन् अझसम्म आईपुग्याको छैन ये स कुरामा मैले अझसंम पनि प्रमाण आएन कसो होला भनि चिनिञा भा रादार फापुणहरूसित बुझि हेर्दा यो वेहोरा निस्यै नै आउँछ धन्दा नमान्नुहवस् भन्छ न् येस कुरामा मैले पनि निमेषको सोझो चिताई भरमगदूर हजुर्का सिछे वडाप त्र मेहरवमोजिम गरेको छु पछि आउन्या त्येई तारिन अम्वा पनि आश्विण शुदी ७ रोज मा टिगरीसम्म जांचवुझ गर्न ईन्को पालो हो भनी जान्छन् भन्ने कुरा भै रहे छ लामागुरूको पनी आश्विण शुदी ६ का दिन भेवुं गुम्वामा सवारि हुन्छ भन्ने उर्दि वरपर झुम झुममा दिया तेस्मा सवैले सामेल हुनु भन्ने भैरहेछ मलाई पनी ३० घोडा ज्मा गरि वेस वेस पोसाक लगाई सामेल हुन आउनुपर्छ अघिदेषिको रित हुनाले भन्याको हो भन्या र अघिदेषिको रित् हो भन्या वेस हो म पनी आउला भन्ने जवाफ दिञां अघि दारोगा राजविरले अफिम र मुजुर्को प्वाष दियावापत् का. दाम राङ्जुं काजि सेजुं काजि ईनीहरूले तिर्नुपर्न्या रहेछ र इनीहरूसित रुपैञा देउ भनी वारम्वार भन्दा आज भोलि दिपठाउंछौ भनी आजतक टार्दा र राङ्जुङ काजि मर्दा ई काजिहरूका घर घर मन्न पठायी भयन भनी कासेल्मात गै ति का जिहरूसित यो व्यहोराका दाम ईनिहरूले दियेनन् ई दाम ईनिहरूले नदीयाको क्या अ र्थ हो तिर्नु पर्दैन र हो की कसो हो यो जवाफ मलाई देउ भनी मैले भन्दा यो तिर्नु प र्ण निस्यै हो हामि तिर्छौं भनी सेजुं काजि रोपकारमा थिया र भन्ये छोववा काजि ले ई दाम तिर्नुपर्छ भनी मसित भनेका थिया अव तिरि पठाउंछन् धन्दा नमान्नु हवस् भनि राष्याछन् अझ पठाउनाको याद केहि छैन निज दारोगाले यो अफिम विकेन येति काम गरिदेउ भनी हामिसित विन्ति गर्दा हामीलाई ढेसा लगाई दि याको हो यो दाम हामि तिरी पठाउन्यै थिञ्यू कप्तानले येति वेहोरामा पनि का सेल्मा गै जाहेर गराउनुपर्णे जोग्ये होईन भन्ने कुरो वाहिरफेरा गरे अरे भन्ने सुन्या र

३७ मैले पनि दिनुपर्ने हक रूपैञा हुन् भन्या अझसम्म नदि टान्यापछि ४

३८ का रुपैञा हुन् ४ को सोन्नोनिमित्त कासेल्मा जाहेर मैले गराईदिञा रूपै

३९ ञा चांडै तिरी पठाउन् येति कुरामा मदेषि फाट्न्या छैनन् फाट्छन् भन्या निसाफ

४० मा फाटुन् कसैले पनि आफ्ना ४ को हक गर्नै पर्छ भनी पठाञां अरू ञाहांको

४१ हाल सुरथ यथायोग्य छ सेवक्का अर्जिका वेहोरामा घटवड पन्याको होला छेमा

४२ करुणा राषि वक्स्या जावस् शुभमस्तु शुभम्

ईत सेवक कपतान जित्मान्सिह सिलवाल क्षेत्रीको दीनप्र
ति सांज सवेरको कोटि कोटी सलाम सलाम सलाम ईति स
सम्वत् १९०७ साल मिति आश्विण वदी १ रोज ६ मुकाम
ल्हासा अडा शुभम्